त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञानअध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

**Israel को Learning by doing कार्यक्रमको इन्टर्नसिपमा सहभागी हुन अन्तर्वार्तासम्बन्धी सूचना ।**

**प्रकाशित मिति २०७९/०३/१६ गते**

यस अध्ययन संस्थानअन्तर्गत सञ्चालित आंगिक तथा त्रि.वि.बाट सम्बन्धन प्राप्त क्याम्पस/कलेजमा शैक्षिक वर्ष २०७३/०७४ मा स्नातक तहमा भर्ना भइ उत्तिर्ण भएका विद्यार्थीहरुमध्येबाट शैक्षिक वर्ष सन् २०२२/२०२३ को लागि Sedot Negev Agriculture Training Centre, Israel अन्तर्गत सञ्चालित Learning by Doing कार्यक्रमको इन्टर्नसिपमा सहभागी हुन मेरिट सूचीमा समावेश भएका विद्यार्थीहरुको अन्तर्वार्ता तपशिल अनुसार हुने भएकोले सम्बन्धित विद्यार्थीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सम्झौतामा उल्लेख भए अनुसार स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुले यस कार्यक्रममा सहभागी हुन नपाउने भएकोले छनौट चरणमा भएका विद्यार्थीहरु उक्त तहमा अध्ययनरत रहेको पाइएमा आवेदनहरु रद्द हुनेछन ।

- मेरिट सूचीमा समावेश भएका जम्मा १४० जना विद्यार्थीबाट अन्तर्वार्तामा सहभागीमध्येबाट जम्मा १०० जना विद्यार्थीहरु छनौट गरिनेछ ।
- मेरिट सूचीको क्रम अनुसार पहिलो (असार २७ गते) दिन लमजुङ क्याम्पस र पक्लिहवा क्याम्पसका जम्मा ६७ जना विद्यार्थीहरु अन्तर्वार्तामा सहभागी हुनेछन् ।
- मेरिट सूचीको क्रम अनुसार दोस्रो (असार २८ गते) दिन त्रि.वि.बाट सम्बन्धन प्राप्त क्याम्पस/कलेजका जम्मा ७३ जना विद्यार्थीहरु अन्तर्वार्तामा सहभागी हुनेछन् ।
- अन्तर्वार्तामा आउँदा विद्यार्थीहरुले स्नातक तहको लब्धाङ्क पत्र (Transcript) र नागरिकता वा पासपोर्ट अनिवार्य लिएर आउनु पर्नेछ ।
- अर्न्तवार्तामा छनौट भएका विद्यार्थीहरुले यस अध्ययन संस्थान, डीनको कार्यालयमा सक्कल लब्धाङ्कपत्र बुझाई सम्झौता गर्नु पर्नेछ ।

**तपशिल:**

१. मिति: २०७९/०३/२७ गते र २८ गते (July 11 & 12, 2022)

२. समय: विहान ११:०० बजेदेखि शुरु हुने

३. स्थान: स्नातकोत्तर कार्यक्रम, सेमिनार हल, कृषि र पशु विज्ञान अध्ययन संस्थान, त्रि.वि.कीर्तिपुर

डा.किशोर चन्द्र दाहाल
सहायक डीन (शिक्षण)

पो.अ.ब. ९८४; फोन: ९७७-१-४३३०५००/४३३०६००; इमेल: info@iaas.edu.np; Website : www.iaas.edu.np